प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
प्रदेश नं. १, विराटनगर,नेपाल

## सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे कोभिड-१९ बाट संक्रमित हुनु भएको सम्बन्धमा जारी गरिएको
## प्रेस विज्ञप्ती

प्रदेशमा स्वास्थ्य सम्बन्धी कार्यक्षेत्र भएको सामाजिक विकास मन्त्रालयले प्रदेश नं. १ मा कोभिड-१९ को महामारी रोकथाम, नियन्त्रण, उपचार लगायतका व्यवस्थापकीय कार्यमा माननीय मन्त्री जीवन घिमिरेज्यूको नेतृत्वमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । यस मन्त्रालयले प्रदेश नं. १ मा कोभिड-१९ को संक्रमण फैलन नदिन सचेतना तथा स्वास्थ्य मापदण्ड परिपालना, रोकथाम र परीक्षण सामग्रीहरूको वितरण, RT-PCR को परीक्षण तथा दायरा विस्तार, संक्रमण पुष्टि भएका व्यक्तिहरूको आइसोलेसन व्यवस्थापन र उपचार तथा नेपाल सरकार र स्थानीय तहसँगको समन्वयको कार्यमा सक्रिय भूमिका खेलेको कारण अझै पनि यस प्रदेशमा कोभिड-१९ को संक्रमणको अवस्था नियन्त्रित छ । यस कार्यमा, विभागीय मन्त्रीको हैसियतले माननीय जीवन घिमिरेज्यूले नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय र मार्गदर्शन बमोजिम प्रदेश नं. १ मा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनमा महत्वपूर्ण योगदान गर्नु भएको व्यहोरा सबैमा अवगत नै छ । महामारीको यस कठिन परिस्थितिमा आफ्नो जिम्मेवारी बहन गर्ने क्रममा सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरेज्यूको मिति २०७७ साल भाद्र १५ गते PCR परीक्षण गर्दा वहाँमा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । हाल वहाँ आफ्नो सरकारी निवासमा आइसोलेसनमा रहनु भएको र वहाँको स्वास्थ्य अवस्था सामान्य रहेको छ । सामाजिक विकास मन्त्रालय परिवार वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै संक्रमणबाट मुक्त भएर छिट्टै नियमित काममा फर्किइ प्रदेशमा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्यमा अझ सक्रियताका साथ योगदान गर्नु हुने कुरामा विश्वास व्यक्त गर्दछ ।

गोविन्दबहादुर कार्की
सचिव
मिति:२०७७/०५/१६

फोन नं. ०२१-४४२३८४ फ्याक्स नं. ०२१-५३४०८२ , इमेल: mosdprov1@gmail.com, website: mosd.p1.gov.np